**लुम्बिनी साँस्कृतिक नगरपालिका**

रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ६ | संख्याः ९ | मितिः २०७९/११/१४ |

भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिमको लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७९ सालको कार्यविधि संख्याः ९

# नगर शिक्षा विकास कोष सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को खण्ड 'ज' मा उल्लेखित आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरूको कार्यान्वयन गर्न र विद्यालयलाई सञ्चालन व्यवस्थापन तथा नियमन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न लुम्बिनी साँस्कृतिक नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नगर शिक्षा विकास कोष सञ्चालन कार्यविधि, २०७९ जारी गरेको छ।

## परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम नगर शिक्षा विकास कोष सञ्चालन कार्यविधि २०७९ रहेको छ।

ख) यो कार्यविधि लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

ग) यो कार्यविधि लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा**

क) नगर शिक्षा विकास कोष सञ्चालन कार्यविधि भन्नाले “नगर शिक्षा विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९” लाई बुझिनेछ।

ख) यो कार्यविधिको नाम “नगर शिक्षा विकास कोष सञ्चालन कार्यविधि २०७९” रहेको छ।

ग) कोष भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाद्वारा स्थापित नगर शिक्षा विकास कोषलाई बुझिनेछ।

घ) कोष सञ्चालन समिति भन्नाले नगरपालिकाको शिक्षा ऐन २०७५ को दफा २५ बमोजिमको समितिलाई बुझिनेछ।

ङ) शिक्षा समिति भन्नाले नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरूको रेखदेख समन्वय र व्यवस्थापन गर्न गठित गरिएको नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

च) नगर भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको भौगोलिक सिमाना भित्रको क्षेत्रलाई बुझिनेछ।

छ) ऐन भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिको शिक्षा एन २०७५ लाई बुझिनेछ।

ज) कार्यपालिका भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनुपर्छ।

झ) नगरपालिका भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नगरपालिका सम्झनुपर्छ।

ञ) नगरप्रमुख भन्नाले नगरपालिकाको नगरप्रमुखलाई सम्झनुपर्छ।

ट) प्रमुख प्रशासकीय अधिकृत भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ठ) ‘शिक्षा अधिकृत’ भन्नाले नगरपालिकाको शिक्षा शाखामा काम गर्ने तोकिएको अधिकृतलाई सम्झनुपर्छ।

ड) विद्यालय शिक्षा भन्नाले आधारभूत र माध्यामिक दुवै शिक्षा सम्झनुपर्छ।

ढ) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकार तथा नगरपालिकाबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

ण) धार्मिक विद्यालय भन्नाले गुम्बा, गुरुकुल, आश्रम र मदरसा जस्ता विद्यालयहरूलाई सम्झनुपर्छ।

त) संस्थागत विद्यालय भन्नाले निजी लगानीमा सञ्चालन गर्न अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका विद्यालयलाई सम्झनुपर्छ।

थ) प्रधानाध्यापक भन्नाले कानुन बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ।

**३. लक्ष्य**: लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षा क्षेत्रमा गरिने लगानीलाई एकीकृत र व्यवस्थित गरी उपयोगी पारदर्शी तथा दिगो बनाई नगरको समग्र शैक्षिक विकासमा गुणात्मक सुधार गर्ने।

**४. नगर शिक्षा विकास कोषको रकम खर्च तथा परिचालन गरिने क्षेत्रहरू**

नगर शिक्षा विकास कोषको मुख्य उद्देश्य तपसिलका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने र सञ्चालन गर्न सहयोग वा सहकार्य गर्ने हुनेछ।

क) शिक्षाको मूल धारमा आउन नसकेका बालबालिकाहरूलाई मूलधारमा ल्याउने कार्यक्रम सञ्चालन गर्ने।

ख) गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति मार्फत सहयोग पुऱ्याउने।

ग) सामुदायिक तथा धार्मिक विद्यालयहरूको भौतिक पूर्वाधारमा सहयोग पुऱ्याउने।

घ) विद्यालय अनुगमन, सुपरीवेक्षण तथा नियमन गर्ने।

ङ) कार्यरत शिक्षकहरूका लागि विषयगत तालिम सञ्चालनमा सहयोग गर्ने।

च) अनौपचारिक शिक्षा कार्यक्रममार्फत साक्षरता अभिवृद्धि गर्ने।

छ) बालविकासका लागि प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा सहयोग गर्ने।

ज) विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघको क्षमता अभिवृद्धि कार्यक्रममा सहयोग गर्ने।

झ) अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष किसिमको सिप तथा क्षमतामूलक तालिमको सञ्चालनमा सहयोग गर्ने।

ञ) विद्यार्थीहरूलाई व्यक्तिगत, पारिवारिक, सामुदायिक सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी सिप तथा जीवन उपयोगी ज्ञान दिन, तालिम, छलफल, अन्तरक्रिया विशेष सप्ताहजस्ता कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने।

ट) विद्यार्थी संख्या र कक्षाको अनुपातमा शिक्षक दरबन्दी कम भएका विद्यालयहरूमा शिक्षक व्यवस्थापनमा सहयोग गर्ने।

ठ) विद्यार्थी, शिक्षक र अभिभावक समेतका लागि अध्ययन अवलोकन भ्रमण गराउने।

ड) आवश्यकतामा आधारमा शिक्षक व्यवस्थान अनुदान सहयोग उपलब्ध गराउने।

ढ) परीक्षा सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग गर्ने।

ण) शैक्षिक सामग्री अभाव भएका विद्यालयहरूमा आवश्यकताका आधारमा वितरण गर्ने।

त) महामारीबाट सिर्जित असहज परिस्थितिमा सिकाईका वैकल्पिक विधिहरू पाठ्य सामग्रीहरूमार्फत सिकाई सहजीकरण गर्ने।

थ) विद्यालय सञ्चालनमा एकरूपता कायम गर्न शिक्षक डायरी तथा शैक्षिक कार्यपात्रो निर्माण गर्ने।

द) नगरपालिकाभित्रका विद्यालयहरूमा गुणस्तर सुधारका लागि अन्तरक्रिया,गोष्ठी, सेमिनार

सञ्चालन गर्ने र बहुबर्षीय शैक्षिक सुधार गुरुयोजना निर्माण गर्ने ।

ध) आधारभूत तहका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्ने ।

न) उत्कृष्ट विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय र कर्मचारीलाई उत्प्रेरित गर्न पुरस्कार एवं सम्मानको व्यवस्था गर्ने ।

प) शिक्षा दिवस, बाल दिवस लगायतका दिवस तथा समारोह आयोजना गर्ने ।

फ) विद्यालय लेखा व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्ने ।

ब) विविध खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने ।

भ) नगरपालिकाले शिक्षा सम्बन्धी आवश्यक ठानेका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-२

**६. कोष सञ्चालन सम्बन्धी संस्थागत संरचना**

यस कोषको सञ्चालन तथा व्यवस्थापनका लागि लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षा ऐनमा दफा २५ बमोजिम काम गर्नेछ।

तर कोषको बजेट विनियोजन र परिचालन सम्बन्धी निर्णयमा नगर प्रमुखको उपस्थिति अनिवार्य हुनेछ। शिक्षा समितिको अध्यक्षता नगर प्रमुख बाहेक अन्य पदाधिकारीले गरेको अवस्थामा शिक्षा विकास कोषको एजेण्डा राखिने छैन।

**७. शिक्षा समितिको काम कर्तव्य र अधिकार**

नगर शिक्षा ऐनमा उल्लेख भएका कामका अतिरिक्त कोष सञ्चालन सम्बन्धमा नगर शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) कोष परिचालनका लागि वार्षिक योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्ने ।

ख) कोष बृद्धिका लागि विभिन्न क्षेत्रबाट सहयोग गर्ने ।

ग) कोषको उद्देश्य अनुसारका कार्यक्रमहरू सञ्चालनका लागि निर्णय लिई कार्यान्वयनका लागि नगरपालिकामा पेश गर्ने ।

घ) कोषको वार्षिक प्रगति प्रतिवेदन तयार पारी नगरपालिकामा पेश गर्ने ।

ङ) आवश्यकता अनुसार विशेषज्ञहरूबाट सल्लाह तथा सुझाव प्राप्त गर्ने ।

च) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठकको आयोजना गर्नेछ।

## परिच्छेद-३

**८. शिक्षा विकास कोषको स्रोत सम्बन्धी व्यवस्था**

शिक्षा विकास कोषको स्रोत सम्बन्धी व्यवस्था नगर शिक्षा ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

**९. कोषको संचालन सम्बन्धी व्यवस्था**

कोष सञ्चालनमा आधारभूत विधि एवं प्रक्रिया कोषको सञ्चालन नगर सभाले स्वीकृत गरेको बजेटको सीमा र परिधिभित्र रहि कोष सञ्चालन समितिको निर्णयबमोजिम हुनेछ।

## परिच्छेद-४

**१०. कोषको खाता सञ्चालन तथा लेखा परीक्षण प्रतिवेदन पेश गर्ने**

क) कोष सञ्चालनमा आधारभूत विधि एवं प्रक्रिया कोषको सञ्चालन नगर सभाले स्वीकृत गरेको बजेटको सीमा र परिधिभित्र रहि कोष सञ्चालक समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयबमोजिम हुनेछ।

ख) नगर शिक्षा समितिको निर्णय बिना कोषको रकम खर्च गरिने छैन।

ग) यस कोषको सञ्चालनको अवस्था, कोषबाट सञ्चालित कार्यक्रमको उपलब्धी लगायत लक्षित समूहसम्म कार्यक्रम पुगे नपुगेको यकिन गरी नगर कार्यपालिका समक्ष नगर शिक्षा विकास कोष सञ्चालक समितिले प्रतिवेदन पेश गर्नेछ।

**१२. कार्यविधि संशोधन:**

यस कार्यविधि संशोधन गर्न आवश्यक देखिएमा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ।

**१३ खारेजी र बचाउ**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरू प्रचलित कानूनसँग बाँझिएको हदसम्म अमान्य हुनेछ।

ख) यो कार्यविधि निर्माण गर्नु पूर्व नगर शिक्षा विकास कोषको रकम खर्चसम्बन्धी कार्यपालिकाबाट भएका निर्णयहरू यसै बमोजिम भएको मानिनेछ।

आज्ञाले<br>भूपेन्द्र पाण्डेय<br>प्रमुख प्रशासकीय अधिकृत